# तामाकोशी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

जफे, दोलखा

बागमती प्रदेश, नेपाल

पत्र संख्याः २०८२।०८३

चलानी नं.: ९८४

मितिः २०८३।०१।१४

विषयः सहकारी संस्थामा भाखा नाघेको ऋण चुक्ता गर्ने सम्बन्धी जरुरी सूचना ।

श्री सहकारी संस्थाका ऋणी सदस्य ज्यूहरु,
तामाकोशी गाउँपालिका, दोलखा ।

प्रस्तुत विषयमा यस तामाकोशी गाउँपालिका भित्र सञ्चालित सहकारी संस्थाहरुमा भाखा नाघेका ऋणीहरुको संख्या उल्लेख्य भएको र कतिपय सदस्यहरुले लामो समयदेखि ऋण नतिर्ने, सम्पर्कमा नआउने र बारम्बार अटेर गर्ने प्रवृति बढेका कारण सहकारी संस्थाहरुको समग्र वित्तीय अवस्था नै धरासायि बन्ने अवस्था रहेको भनी विभिन्न सहकारी संस्थाहरुबाट आएको गुनासोका आधारमा सो सन्दर्भमा तामाकोशी गाउँपालिका र पालिकास्तरीय सहकारी समन्वय समितिका प्रतिनिधिहरु बीचको मिति २०८३।०१।१४ को बैठकबाट निर्णय भएको हुँदा यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र सम्पूर्ण भाखा नाघेका ऋणीहरुले आफ्नो सहकारी संस्थामा सम्पर्क गरि आफुले लिएको ऋण चुक्ता गर्नुहुन अनुरोध छ ।

साथै उक्त समयावधि भित्र सम्बन्धित संस्थामा सम्पर्क नगर्ने ऋणीहरुको सन्दर्भमा कानून बमोजिम हुने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

.........................
(अर्जुन दर्जी)
प्रमुख प्रशासकीय अधिकृत

अर्जुन दर्जी
प्रमुख प्रशासकीय अधिकृत